प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल

मन्त्री

सुमन शर्मा रायमाझी
मन्त्री

# कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिबृद्धि कार्यविधि, २०७८

*(माननीय मन्त्रीस्तरबाट मिति २०७८।१०।१८ गते स्वीकृत)*

**प्रस्तावनाः** भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको मागलाई सम्बोधन गरी लुम्बिनी प्रदेशको कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय र मातहतका कार्यालयहरु मार्फत सञ्चालन हुने आ.व. २०७८/७९ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले प्रदेश विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) अधिकार प्रयोग गरी लुम्बिनी प्रदेशको कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयले देहायको कार्यक्रम सञ्चालन गर्न यस कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिबृद्धि कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कार्यक्रमहरुको लागि मन्त्रालय र मातहातका कार्यालयबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले सञ्चालन कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/ संघ संस्था वा लक्षित समुदायलाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले कृषि बजार, सिंचाई व्यवस्थापन गर्ने उद्देश्यका साथ कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(घ) "कम्पनी" भन्नाले प्रचलित कानून अनुरुप दर्ता भएका कृषि/पशुपन्छी व्यवसाय गर्ने व्यक्तिगत वा सामूहिक संस्थालाई सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेख भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ।



सचिव

प्रदेश सरकार लुम्बिनी प्रदेश कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

मन्त्री

(च) "कार्ययोजना" भन्नाले दफा ५ बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार सेवाग्राहीले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका कार्यालयहरुलाई सम्झनु पर्छ।

(ज) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरु मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(झ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ञ) "पशु" भन्नाले घरपालुवा पशुपन्छी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(ट) "फर्म" भन्नाले प्रचिलत कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयलाई सम्झनु पर्छ।

(ड) "लक्षित वर्ग" भन्नाले शहिद, द्वन्द्ध पीडित, पूर्व जन्मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्बासी समुदाय भन्ने सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ण) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने तथा कृषि कार्य गर्ने उद्देश्य समेत रहेको बहुउद्देश्यीय सहकारी संस्थालाई सम्झनु पर्छ।

(त) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ।

३. <u>सरोकारवाला निकायहरुको भूमिकाः</u> कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछः-

(क) मन्त्रालयको भूमिकाः कार्यक्रम संचालनका लागि आवश्यक नीतिगत निर्णय, अनुगमन तथा मूल्यांकन गर्ने।

(ख) निर्देशनालयको भूमिकाः कार्यक्रम संचालनका लागि प्रभावकारी अनुगमन गर्ने।

(ग) कार्यालयको भूमिकाः कृषक/फर्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/स्थानीय तह/सामाजिक तथा शैक्षिक संघ संस्था मार्फत मन्त्रालय वा



सचिव

मातहतका निकायबाट कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन हुनेछ। कार्यालयले स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्ड/सूचकहरुको आधारमा प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गरी कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन गरी कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्नेछ। नविनतम प्रविधिको प्रदर्शन, बीउविजन तथा नश्ल स्रोत स्थापना लगायतका कार्यक्रमहरुको हकमा कार्यालयले सूचना आवह्वान नगरी प्राविधिक पक्षको सम्भावयताको आधारमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गर्नेछ।

(घ) स्थानीय तहको भूमिका: स्थानीय तहले कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने, सिफारिस दिने।

(ङ) अनुदानग्राहीको भूमिका: कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गरेका कृषक/फर्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/स्थानीय तह/सामाजिक तथा शैक्षिक संघसंस्थाहरुले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समयसीमा भित्रै पेश गर्नुपर्नेछ।

४. कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन कार्यक्रम तथा समुदाय लक्षित विशेष कार्यक्रमको सञ्चालन:

प्रदेश सरकारको स्वीकृत बजेट तथा वार्षिक कार्यक्रम अनुसारका कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन कार्यक्रम तथा समुदाय लक्षित विशेष कार्यक्रम कार्यालयबाट सञ्चालन हुनेछ। कृषि व्यवसाय उन्मुख वा व्यावसायिक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नको लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नको लागि व्यवसाय उन्मुख उत्पादनका साथै आयमुलक तथा रोजगारी सिर्जना गर्ने व्यवसाय प्रवर्द्धन तथा समुदाय लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ। उक्त कार्यक्रम कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा कार्यालयले सञ्चालन गर्नेछ।

सचिव

परिच्छेद-२

<u>सञ्चालन गरिने कार्यक्रमहरु</u>

५. <u>कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरुको विवरणः</u> स्वीकृत बार्षिक कार्यक्रम अनुसारको संलग्न मापदण्ड, संचालन गर्नुपर्ने क्रियाकलापहरू र अनुदान सीमा रकमका आधारमा सञ्चालन गरिनेछ।

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| (क) | नमुना एकिकृत सामुहिक कम्पनी स्थापना (कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन) | • कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन गर्ने उद्देश्यका साथ प्रचलित कानून बमोजिम पब्लिक कम्पनीको रूपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी सहभागि हुनसक्ने।<br>• पब्लिक कम्पनीले कम्तिमा १०० विघा क्षेत्रफल र कम्तीमा १०० घरधुरी समेटी कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी उन्नत प्रविधि विस्तार कार्यक्रमहरू सञ्चालन गर्ने कार्ययोजना भएको हुनुपर्ने।<br>• कम्पनीमा आवद्ध हुन चाहने कृषकहरूले कम्पनीको न्यूनतम् आवश्यक चुक्ता पूंजीमा समानुपातिक शेएर लगानी र बाँडफाँड अनिवार्य भएको हुनुपर्ने।<br>• बाली/वस्तुको नयाँ प्रविधि र मूल्य श्रृङ्खलामा आधारमा रही विस्तृत परियोजना प्रतिवेदन पेश गर्नुपर्ने।<br>• उत्पादन, प्रविधि विस्तार र बजारीकरणका कार्यहरू कार्यालयको समन्वयमा गराउने प्रतिबद्धता भएको हुनुपर्ने।<br>• कार्यालयले पेश भएका कार्ययोजनाहरूको आधारमा कम्पनीले सञ्चालन गर्नुपर्ने कार्यक्रमको बाली/वस्तु र स्थानको छनौट प्राविधिक सम्भाव्यताको अध्ययन गरी उपयुक्त कार्ययोजना पेश गरेको पब्लिक कम्पनी छनोट हुने। | • कार्यालयले सूचना आह्वान गरी इच्छुक पब्लिक कम्पनीसंग प्रास्ताव माग गर्ने।<br>• मापदण्ड बमोजिम पेश भएको विस्तृत कार्ययोजनाका मूल्याङ्कन आधारमा कार्यालयले कार्यक्रम सञ्चालन गर्ने पब्लिक कम्पनीको छनोट गर्ने।<br>• कार्यालयले छनोट भएको पब्लिक कम्पनीसंग कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्ने।<br>• स्वीकृत विस्तृत परियोजना प्रतिवेदनका आधार र नयाँ प्रविधिमा आधारित बाली/वस्तुको मूल्य श्रृङ्खलामा आधारमा रही उत्पादन, प्रशोधन, भण्डारण, सिंचाई पूर्वाधार, सूचना प्रविधि, बजारीकरण लगायतका क्रियाकलापहरु सञ्चालन गर्ने ।<br>• कम्पनीले समयसीमा भित्र मापदण्ड बमोजिमका कार्यहरू सम्पन्न गरी प्रगति प्रतिवेदन कार्यालयमा पेश गर्ने।<br>• कार्यालयले कार्यक्रमबाट प्राप्त | • कार्यक्रम सञ्चालन बजेटको परिधि भित्र रही कुल लागतको बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने।<br>• प्रति कम्पनी बढिमा १ करोड लगानी अनुदान दिइनेछ।<br>उपलब्ध गराइने अनुदान प्रति आयोजनाः<br>• नविन प्रविधि लगायतका मेशिनरी, उपकरण, बढीमा ३० प्रतिशत,<br>• कृषि उपज वा सामाग्री ढुवानी साधान सिङ्गल पिक अप बढीमा १५ प्रतिशत,<br>• उत्पादन सामाग्री तथा स्रोत ब्यवस्थापन कम्तिमा १५ प्रतिशत,<br>• जनशक्ति विकास, क्षमता अभिबृद्धि, अनुगमन तथा मूल्याङ्कन कम्तिमा ५ प्रतिशत, |



सचिव

मन्त्री

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | • छनोट हुने कम्पनीले ३ वर्ष भित्र निर्धारित बाली/वस्तुको स्रोत केन्द्रको रूपमा सञ्चालन गर्ने प्रतिवद्धता गर्नुपर्ने। | उपलब्धिहरुको पृष्ठपोषण सहित प्रतिवेदन माथिल्लो निकायमा चौमासिक रुपमा पठाउनु पर्ने।<br>• यस कार्यक्रममा प्राविधिक पृष्ठपोषण सम्बन्धित निर्देशनालयले गर्ने र त्यसको प्रतिवेदन मन्त्रालयमा नियमित रूपमा पेश गर्ने। | • भौतिक निर्माण बढीमा ३५ प्रतिशत,<br>• कार्यक्रमलाई थप विस्तार र प्रभावकारी बनाउन संलग्न कम्पनीसँग कार्यालयले द्विपक्षीय/बहुपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गरिने। |
| (ख) | प्रदेशमा उत्पादित कृषि तथा पशुपन्छी जन्य प्रशोधन उद्योग स्थापनाका लागि ब्याजमा विशेष अनुदान | • प्रदेशमा उत्पादित बाली तथा बस्तुहरूको बजार सुनिश्चितता हुने क्षेत्रमा मूल्य श्रृङ्खलामा आधारित उद्योग स्थापना हुनुपर्ने।<br>• पूर्वाधार तथा यन्त्र उपकरण खरिदमा ब्याजमा अनुदान उपलब्ध हुने।<br>• सम्बन्धित उद्योगले ऋणको ब्याज नियमित तिरेको हुनुपर्ने र भाका नाघेका ऋणमा भने अनुदान प्रदान गरिने छैन।<br>• कृषि उपजहरूलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योगमा ब्याज अनुदान उपलब्ध हुने। | • ब्याज अनुदानमा सञ्चाचालित कार्यक्रममा भाग लिने आवेदकले बार्षिक स्वीकृत बजेट र कार्यक्रमको परिधि भित्र रही सहभागी हुन सक्नेछन्।<br>• प्रदेशका बाली तथा बस्तु उत्पादन प्रशोधन, विविधीकरण, बजारीकरण गर्ने परियोजनामा सहयोग हुने। | अधिकतम ५ प्रतिशत ब्याजमा अनुदान प्रदान गरिनेछ।<br><br>रू. १ करोड भन्दा माथि रू. २५ करोड सम्मको लगानी भित्र मात्र यस अनुदान उपलब्ध गराइनेछ।<br><br>प्रति आयोजना रू. २५ करोड भन्दा बढी लगानी भएमा पनि रू. २५ करोड सम्ममा मात्र ब्याजमा विशेष अनुदान प्रदान गरिनेछ। |
| • उल्लिखित विषयवस्तु बाहेक कार्यक्रम सञ्चालन र भुक्तानी प्रक्रिया शुलभकर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम हुनेछ। | | | | |
| (ग) | निर्मित शित भण्डारको स्तरोन्नतीमा | • निर्मित शीत भण्डार कम्तिमा १ वर्ष देखि सञ्चालनमा आएको हुनुपर्ने।<br>• शीत भण्डार सञ्चालकले आवश्यकताका | शित भण्डार सञ्चालकले शीत भण्डार सञ्चालनका लागि अत्यावश्यक उपकरण (CO2 exhauster, dehumidifier, | बजेटको परिधिभित्र रही कार्यालयले प्रति आयोजना बढीमा ५० प्रतिशत वा ४ लाख मध्ये |

सचिव

मन्त्री

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | सहयोग | आधारमा शीत भण्डार सञ्चालनका लागि अत्यावश्यक उपकरण तथा सामग्री निवेदन सहित माग गर्नुपर्ने।<br>कार्यालयले सम्बन्धित शीत भण्डार सञ्चालनमा आएको/नआएको प्रमाणीकरण गर्नका लागि शीत भण्डारमा भण्डारण गरिएका बाली तथा वस्तुको अभिलेख, सहुलियत मूल्यमा भण्डारण गरेको कागजात प्रमाण, विजुलीको बिल भरपाइ रुजु गरी स्थलगत अनुगमन गर्नुपर्ने। | humidifier, sound buzzer alarm system, evaporator, condensing unit, कोल्ड रुममा तापक्रम र आद्रता मापन गर्ने यन्त्र) जडान गरी शीत भण्डारलाई स्तरोन्नती गर्नुपर्ने।<br>त्यसैगरी सञ्चालकले शीत भण्डार सञ्चालनका लागि अत्यावश्यक सामग्री (काठको न्याक/प्यालेट, तरकारी/फलफूल भण्डार गर्ने क्यारेट) प्रयोग गरी शीत भण्डारलाई स्तरोन्नती गर्नुपर्ने। | जुन कमी हुन आउँछ सो रकम अनुदान उपलब्ध गराउने छ। |
| (घ) | सार्वजनिक नीजि साझेदारीमा शहिद, द्वन्द्ध पीडित, पूर्व जन्मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्बासी समुदायका लागि कृषि उत्पादनमूलक रोजगार कार्यक्रम | • सम्बन्धित सरकारी निकाय (मन्त्रालय, संवैधानिक निकाय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह लगायतका कार्यालय) बाट शहिद, द्वन्द्ध पीडित, पूर्व जन्मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्बासी समुदाय प्रमाणित भएको प्रमाण पेश गर्नुपर्ने।<br>• लक्षित समुदायले,<br>(क) कृषि वा पशुपन्छी वा मत्स्य कार्यक्रम माग गर्नुपर्ने।<br>(ख) कम्तीमा तराईमा ३ कट्ठा र पहाडमा २ रोपनीमा बाली तथा बस्तु उत्पादन योजना भएको हुनु पर्ने।<br>(ग) मौरी र च्याउको हकमा कम्तीमा ६ वटा माहुरी घार (गोलासहित) वा च्याउ न्यूनतम् ४० पोका च्याउ को बीउ प्रयोग गरी उत्पादन गर्नुपर्ने।<br>(घ) गाई वा भैंसीको हकमा कम्तीमा दुहुनो गाई वा भैंसी २ वटा, | लक्षित समुदायले कृषि/पशुपन्छी /मत्स्यपालन व्यवसायको उत्पादन, प्रशोधन तथा बजारीकरण लागी सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्ने। | स्वीकृत बजेटको परिधि भित्र रही स्वीकृत लागत अनुमान सहितको कार्ययोजना अनुसार अधिकतम ८० प्रतिशत वा बढीमा रू ८० हजार मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
मुकाम: बुटवल, नेपाल

मन्त्री

६

सचिव

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | (ङ) भेंडा, बाखा तथा बङ्गुरको हकमा ५ वटा,<br>(च) पंक्षीको हकमा १०० वटा,<br>(छ) माछाको हकमा २०० देखि ४०० वर्ग मिटर जलाशयमा पालन योजना भएको हुनु पर्ने। | | |
| (ङ) | महिला उद्यमी, समूह, सहकारी लक्षित विशेष कृषि कार्यक्रम | • कृषक समूह/सहकारीमा आवद्ध भएको महिला वा महिलाको नाममा दर्ता भएको कृषि फर्म यस कार्यक्रमको लक्षित वर्ग हुने।<br>• लक्षित वर्गले,<br>(ज) कृषि वा पशुपन्छी वा मत्स्य कार्यक्रम माग गर्नुपर्ने।<br>(झ) कम्तीमा तराईमा ३ कट्ठा र पहाडमा २ रोपनीमा बाली तथा बस्तु उत्पादन योजना भएको हुनु पर्ने।<br>(ञ) मौरी र च्याउको हकमा कम्तीमा ६ वटा माहुरी घार (गोलासहित) वा च्याउ न्यूनतम् ४० पोका च्याउ को बीउ प्रयोग गरी उत्पादन गर्नुपर्ने।<br>(ट) गाई वा भैंसीको हकमा कम्तीमा दुहुनो गाई वा भैंसी २ वटा,<br>(ठ) भेंडा, बाखा तथा बङ्गुरको हकमा ५ वटा,<br>(ड) पंक्षीको हकमा १०० वटा,<br>(ढ) माछाको हकमा २०० देखि ४०० वर्ग मिटर जलाशयमा पालन योजना भएको हुनु पर्ने।<br>• कृषक समूह/सहकारीमा आवद्ध भएको महिलाको हकमा सम्बन्धित समूह/सहकारीको सिफारिस पत्र अनिवार्य रुपमा पेश भएको हुनुपर्ने। | लक्षित वर्गले कृषि/पशुपन्छी / मत्स्यपालन व्यवसायको उत्पादन, प्रशोधन तथा बजारीकारण लागी सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्ने। | स्वीकृत बजेटको परिधि भित्र रही स्वीकृत लागत अनुमान सहितको कार्ययोजना अनुसार अधिकतम ८० प्रतिशत वा बढीमा रू ८० हजार मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। |
| (च) | लुम्बिनी दुग्ध | (क) लुम्बिनी दुग्ध वितरण आयोजनाको मौजुदा दुध | • स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी | स्वीकृत कार्यक्रम र वजेटको |



सचिव

मन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि, कृषि तथा सहकारी मन्त्रालय
मुकाम: बुटवल, नेपाल

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | वितरण आयोजनाको क्षमता विस्तार सहयोग | संङ्गकलन,प्रशोधन, विविधिकरण,भण्डारण र वजारीकरणको क्षमता विस्तार गरी कम्तिमा दैनिक थप १०००० लिटर दुधको गुणस्तरिय ब्यवस्थापन गर्नुपर्ने।<br>(ख) उपदफा (क) बमोजिमको कार्यको लागि जडान गर्नु पर्ने मेसिनरी उपकरणहरु स्वीकृत राष्ट्रिय मापदण्ड हुनुपर्ने ।<br>(ग) जडानको गर्ने सामाग्रीको स्वीकृत स्पेसीफिकेशन हुनुपर्ने। | दुग्ध वितरण आयोजनासँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने,<br>• पेश भएको प्रस्तावलाई मन्त्रालयको प्राविधिक समितिले आवश्यक अध्यान स्थलगत अनुगमन र आयोजनासंग छलफल गरी आवश्यक पृष्टपोषण सहित प्रतिवेदन गर्ने ।<br>• प्राविधिक समितिको सुझाव सहित आयोजनाले भौतिक निर्माण र जडान गर्ने उपकरणहरुको आर्थिक तथा प्राविधिक पूर्णप्रस्ताव १५ दिन भित्र मन्त्रालयमा पेश गर्ने ।<br>• पुर्ण प्रस्ताव अध्यान गरी सो प्रस्ताव मन्त्रालयबाट स्वीकृत गरी कार्यक्रम कार्यन्वयनको लागि दुई पक्षीय सम्झौता १५ दिन भित्र गर्ने<br>• आयोजनाले सम्झौता बमोजिमका कार्यहरु मापदण्ड बमोजिम सार्वजनिक खरिद नियम अनुसार कार्य योजना बनाई कार्य योजना अनुसार कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने।<br>• आयोजनाले पेश गरेको सम्पन्न कामको प्रतिवेदन अनुसार सम्झौता बमोजिम मन्त्रालयले स्थलगत प्रमाणीकरण गरी प्रतिवेदन तयार गर्ने। | परिधि भित्र रही<br>• आयोजनाले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको स्थलगत प्रमाणिकरण कार्य गरी प्राविधिक र अन्य आवश्यक कागजातहरुका आधारमा भुक्तानी प्रक्रिया अगाडी बडाउने।<br>• आयोजनाले सम्झौता बमोजिम सम्पन्न गरेका भौतिक पुर्वाधार निर्माण मेसिनरी औजार उपकरणहरुको खरिद तथा जडान सम्वन्धी कार्यको नियमानुसार खर्चहरुको प्रचलित नियमानुसार पेश गर्ने ।<br>• मन्त्रालयले प्राविधिक प्रतिवेदन र कार्य सम्पन्नताका आधारमा पेश भएका कागजातहरुको मन्त्रालयले आयोजनालाई भुक्तानी दिने । |

सचिव

मन्त्री

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| (छ) | शुद्ध मुर्रा नश्लको सिमेन खरिद | • पशु सेवा विभाग हरिहरभवन वा राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराबाट स्वीकृत स्पेसीफिकेसन अनुसारको शुद्ध मुर्रा नश्लको सिमेन हुनुपर्ने ।<br>• सिमेन सुरक्षित भण्डारणको लागि Liquid N2, mother container, mother referee जस्ता मापदण्ड अनुसारका उपकरण प्रयोग गर्नुपर्ने। | • पशु सेवा विभाग हरिहरभवन वा राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराबाट स्वीकृत स्पेसीफिकेसन अनुसारको शुद्ध मुर्रा नश्लको सिमेन खरिदको प्रस्ताव प्रस्ताव तयार गर्ने।<br>• मन्त्रालयले शिलबन्दी प्रस्ताव माग गर्ने।<br>• मन्त्रालयले प्रस्तावको मूल्याङ्कन गरी आवेदक छनौट गर्ने ।<br>• छनौट भएको प्रस्तावकसँग मन्त्रालयले सार्वजनिक खरिद प्रक्रिया अनुसार दुई पक्षीय सम्झौता गर्ने।<br>• सम्झौता गरेको सप्लायर्स प्रस्तावकले मापदण्ड अनुसारको शुद्ध सिमेन खरिद गरी समय सिमाभित्र उपलब्ध गराउनुपर्ने छ ।<br>• मन्त्रालयले दाखिला भएको सिमेनको दाखिला पुर्व मापदण्ड अनुसारको गुणस्तर प्रजनन विज्ञबाट परिक्षण गरी प्रतिवेदन तयार गर्ने । | • खरिद सम्वन्धी कार्यको नियमानुसार खर्चहरुको प्रचलित नियमानुसार पेश गर्ने।<br>• सिमेनको मापदण्ड अनुसारको गुणस्तर प्रजनन विज्ञबाट परिक्षण गरी प्राप्त प्रतिवेदनका आधारमा भुक्तानी दिने । |

प्रदेश सरकार कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय लुम्बिनी प्रदेश बुटवल, नेपाल

सचिव

मन्त्री

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| (ज) | कृषक कल सेन्टर स्थापना तथा सञ्चालन | (क) कृषक कल सेन्टर कार्यालयको परिसर भित्रैमा स्थापना हुनु पर्नेछ।<br>(ख) कृषि विज्ञ र सञ्चालक वा सहजकर्ता सहित आवश्यक अन्य प्राविधिक बस्न सकिने कोठा हुनुपर्नेछ।<br>(ग) कृषक कल सेन्टर स्थापना गर्ने स्थलमा बिजुली, टेलिफोन र इन्टरनेट सुविधा भएको हुनु पर्नेछ।<br>(घ) कृषक कल सेन्टर स्थापना गर्ने स्थलमा आवश्यक पर्ने सामग्री तथा सेवाहरु हुनुपर्नेछ।<br>(ङ) कृषक कल सेन्टरमा करारमा राखिने सहजकर्ता प्राविधिक कर्मचारी हुनुपर्नेछ।<br>(च) रेडियो/टेलिभिजन सञ्चार माध्यमबाट कृषि कार्यक्रम प्रसारणका लागि कार्यक्रम उत्पादन गर्न सकिने जनशक्ति र पूर्वाधारको व्यवस्था भएको हुनु पर्नेछ। | (क) प्राविधिक विज्ञ तथा कर्मचारी बस्ने कोठाको पार्टिसन र साउण्ड व्यवस्थित गर्न अकस्टिक सम्वन्धी व्यवस्था,<br>(ख) आवश्यक फर्निचर तथा फर्निसिङका सामाग्रीहरु (कुर्सी , टेवल, दराज, फाईलिङ क्याबिनेट आदि) खरिद,<br>(ग)ल्यापटप, साउण्ड कार्ड सहित डेस्कटप कम्प्यूटर, मोनिटर स्पिकर, स्क्यानर, फ्याक्स, प्रिन्टर, फोटोकपी मेसिन, आदि खरिद तथा जडान,<br>(घ)टोल फ्रि सुविधा सहितको टेलिफोन, टेलिफोन हाइब्रिड, आदि यन्त्र उपकरण खरिद तथा जडान,<br>(ङ)स्पिकर, मिक्सर, माईक्रोफोन, हेड फोन, भ्वाईस रेकर्डर, आदि खरिद तथा जडान,<br>(च) कृषक कल सेन्टरमा वातावरण अनुकुलित यन्त्र वा ए. सी. खरिद तथा जडान। | (क) कृषक कल सेन्टरको स्थापना तथा सञ्चालनका लागि कार्यक्रम तथा वजेट सहितको स्विकृत कार्ययोजना वमोजिम सेवा सुविधा तथा सामग्री खरिद गर्नुपर्ने र विनियोजित बजेट भित्र रही कार्ययोजना स्विकृत वा परिमार्जन गरी कार्यक्रम सञ्चालन गर्ने,<br>(ख)कृषक कल सेन्टरमा खटिने विषय विज्ञलाई भौतिक रुपमा उपस्थित हुंदा प्रति दिन रु. १५००/- का दरले भत्ता र खाजा तथा यातायात खर्चको व्यवस्था गरिनेछ र विद्युतीय माध्यम मार्फत सेवा उपलब्ध गराउने विज्ञलाई प्रति दिन न्युनतम दूई घण्टा सेवा उपलब्ध गराए बापत रु १५००/- का दरले भत्ता मात्र उपलब्ध गराईने।<br>(ग) कृषक कल सेन्टरमा करारमा राखिने सहजकर्ता प्राविधिक कर्मचारीलाई सहायक स्तर पाँचौ |



सचिव

मन्त्री

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | | | तह स्तरको पारिश्रमिक तय गरिने । (घ)रेडियो तथा टेलिभिजन सञ्चार माध्यमबाट करिव पन्ध्र मिनेट र सो भन्दा बढी अवधिको कृषि कार्यक्रम प्रसारणका लागि कार्यक्रम उत्पादन गर्दा खटिने एक जना कार्यक्रम सञ्चालकलाई प्रति इपिसोड रु. १०००/- का दरले भत्ता र बढिमा दुई जना विषय विज्ञलाई प्रति दिन रु. १५००/- का दरले भत्ता उपलव्ध गराइने। |
| (झ) | माछा अभियानमुखी (मिसन) कार्यक्रम | (१) माछापालन क्षेत्र छनौट हकमा प्रति कृषक कम्तीमा ५ कठ्ठा जलाशय क्षेत्रफलमा पोखरी निर्माण गर्ने भएका कृषकहरूलाई समेटी कम्तीमा १ हेक्टरको जलाशय भएको चक्ला हुनुपर्नेछ ।<br>(२) पोखरीको मर्मत संभार गर्दा डिल मिलाई गहिराई ५ फिट कायम हुनुपर्नेछ।<br>(३) क्षेत्र विस्तार गर्दा एउटै चक्ला भित्रका फार्महरुलाई प्राथमिकता दिइनेछ।<br>(४) नयाँ पोखरीको निर्माण कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार नँया पोखरी निर्माण गर्नु पर्नेछ ।कम्तीमा १० जना | अभियानमूखि माछा मिसन कार्यक्रममा एकिकृत रूपमा कार्यक्रम सञ्चालन गरिनेछ।<br>समुह निर्माण,<br>ले आउट तथा डिजाइन,<br>पोखरी निर्माण,<br>हेचरी निर्माण,<br>मेशिनरी तथा उपकरण,<br>अनुगमन ।<br>प्लो अप कार्यक्रममा सोही कार्यमा सहयोग नभई बजार पूर्वाधार, गुणस्तर सुधार, हेचरी निर्माण जस्ता | कार्यक्रम निर्माण गर्दा कुल अनुदान रकमको बढीमा ४५ प्रतिशत रकम चालु खर्चका क्रियाकलापमा र कम्तीमा ५५ प्रतिशत रकम पूजिगत निर्माण तथा औजार/उपकरण खरीदमा खर्च गर्न सकिनेछ।<br>(ख) प्रति हेक्टर जलाशय क्षेत्रमा नया पोखरी निर्माणमा कूल लागतको ५० प्रतिशत वा बढीमा रु. पाँच लाख र साथै |

प्रदेश सरकार लुम्बिनी प्रदेश कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय मुकाम: बुटवल, नेपाल



सचिव

मन्त्री

| क.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | समावेश भएका पाँच समुहमा कार्यक्रम संचालन हुनेछ।<br>(५) पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला/कुलो/नहरको व्यवस्था भएको हुनु पर्नेछ। पोखरी निर्माणको लागि माटो उपयूक्त हुनु पर्नेछ साथै पोखरीको गहिराई कम्तीमा १.२ मिटर हुनुपर्नेछ।<br>(६) नयाँ निर्माण गरीने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तीमा ५ बर्षको हुनु पर्नेछ।<br>(७) सडक, विजुली बत्तीको सुविधा भएको हुनु पर्नेछ। नयाँ पोखरी निर्माण गरिएको क्षेत्रमा कम्तीमा १५ प्रतिसत जग्गामा नर्सरी पोखरी निर्माण गर्नुपर्नेछ ।<br>(८) डिलमा सिल्पोलिन लाईनिङ्ग सहितको पोखरी मर्मत संभार गर्न चाहेमा लागत इस्टिमेट तयार गरी पोखरीको सलामी डिल र गहिराई कायम गर्नुपर्नेछ र कम्तीमा २०० GSM को सिल्पोलिन प्रयोग गर्नुपर्नेछ । | कृयाकलापहरूमा सहयोग हुनेछ। | एक हेक्टर वा सौ भन्दा बढी क्षेत्रफलमा पोखरी निर्माण गरेमा पानी व्यवस्थापनमा बढीमा थप रू दुई लाख र यन्त्रीकरणमा बढीमा थप रू एक लाख रकम अनुदान प्रवाह गर्न सकिनेछ।<br>मिसन कार्यक्रमको अनुसरण कार्यक्रम सञ्चालन गर्दा वार्षिक विनियोजित बजेट अनुसार दोश्रो वर्ष र तेश्रो वर्ष प्राविधिक सहयोग गरी कार्यक्रम सञ्चालन गरिनेछ।<br>यसमा आवश्यकता अनुसार चालु तथा पूँजीगत शिर्षकमा खर्च गर्न सकिनेछ।<br>अभियानमूखी कृषि कार्यक्रम फलोअप सहित लगातार ३ बर्षसम्म सञ्चालन हुनेछ। |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि ग्रामीण तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल

मन्त्री



सचिव

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| (ञ) | बजारीकरणका लागि अटो रिक्सा खरीद | • कृषि उपजको उत्पादन तथा बजारीकरणमा संलग्न भएको समुह, सहकारी वा उद्यमी हुनु पर्ने।<br>• कृषि उपज उत्पादन तथा बजारिकरण उद्देश्य लिइ दर्ता भएको हुनु पर्ने।<br>• कृषि उपज ढुवानी हुने गरी डिजाइन वा मोडिफिकेशन भएका अटो रिक्सा।<br>• प्राविधिक स्फेशिफिकेशन संलग्न अनुसूची ८ अनुसार हुनेछ। | • कृषि उपज ढुवानी प्रयोजनका लागि उपयुक्त अटो रिक्सा/ई-रिक्सा, खरिद। | स्वीकृत बजेटको परिधिभित्र रही ५० प्रतिशत वा अधिकतम रू लाख रकम मध्ये जुन कम हुन आउँछ सो रकम अनुदान दिने। |

द्रष्टव्य:

१. समग्र कृषि तथा पशु विकास कार्यक्रम सञ्चालनका लागि सूचनामा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ।

२. स्वीकृत कार्ययोजनाका क्रियाकलापहरुमा प्रचलित दररेट अनुसार सामग्री तथा अन्य सेवा खरिद गरेका अनुदानग्राहीहरुलाई मात्र अनुदान रकम प्रवाह गर्नुपर्नेछ ।

३. अनुदानग्राहीको आफ्नो घरमा उपलब्ध हुने सामग्री र पारिवारिक श्रमको हकमा अनुदान रकम उपलव्ध गराइने छैन।

४. माथि उल्लिखित कार्यक्रमहरू कार्यालयले ढाँचा (डिजाइन) तथा ईष्टिमेट लगायतका प्राविधिक पक्षमा सहयोग एवम् मूल्याङ्कन गरी वार्षिक बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

५. विदेशबाट बीउ विजन/बिरुवा/ब्रिड आयात गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने भएमा सम्बन्धित विज्ञहरु सहितको प्राविधिक टोली गठन गरी उक्त टोलीले सिफारिस गरेको प्राविधिक मापदण्ड बमोजिम आयात गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

६. स्थायी संरचना निर्माण गर्दा एक रुपता कायम गर्न र लागत प्रभावकारी बनाउन सम्बन्धित कृषि अनुसन्धान केन्द्रको सिफारिस प्रविधिको आधार एवम् सम्बन्धित निर्देशनालयको स्वीकृत मापदण्ड अनुसारको ढाँचा (डिजाइन) तथा ईष्टिमेट अनुसार निर्माण गर्नुपर्नेछ।

७. कार्यक्रम सञ्चालन गर्दा जैविक सुरक्षालाई ध्यान दिई वातावरण मैत्री रुपमा सञ्चालन गर्नु पर्नेछ ।

८. एक लाख भन्दा बढी लगानी भएका परियोजनाको हकमा ५*३ फिटको टिनको पातामा लेखिएको होडिङ्ग बोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

९. स्थायी प्रकृतिका भौतिक पूर्वाधार निर्माणको हकमा सम्बन्धित संस्थाको नाममा जग्गा हुनु पर्ने वा सार्वजनिक संस्थाहरुको जमिन भाडामा लिइ २० वर्षको करार हुनु पर्नेछ ।

१०. कार्यालयले स्थानीय तहको सहकार्यमा अनुदानग्राही संस्थासँग लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।



सचिव

प्रदेश सरकार लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालय बुटवल, नेपाल

११. सरकारी निकाय लगायत अन्य संघ संस्थासँग सोही प्रकृतिको कार्यक्रममा दोहोरोपन नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ तर क्षेत्र विस्तार र स्तरवृद्धिको हकमा बाधा पर्ने छैन।

१२. सञ्चालन गरिने तालिम, गोष्ठी, समन्वय बैठक, मेला दिवस जस्ता कार्यक्रमको पृष्ठपोषण सहितको प्रतिवेदन १५ दिन भित्र एक तह माथिको कार्यलयमा नियमित पठाउनु पर्नेछ ।

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम: बुटवल, नेपाल

मन्त्री

मन्त्री

परिच्छेद ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **प्रस्ताव माग:** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन तथा प्रसारण गरी अनुदानग्राहीसँग प्रस्ताव माग गर्नेछ। तर प्रविधि विकास, प्रर्दशनी, विस्तार तथा सेवाटेवा कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा कार्यालयले सेवाग्राही छनौट गरी स्वीकृत कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

७. **प्रस्ताव पेश:** सूचनामा तोकिए बमोजिमको कागजात सहित परिच्छेद २ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले कार्यालयमा कृषि तर्फ अनुसूची-२ को निवेदनको ढाँचा र अनुसूची-३ बमोजिमको ढाँचामा कृषि तर्फ र अनुसूची-४ बमोजिम पशु तर्फ प्रस्ताव तोकिए बमोजिमको कार्यालयमा पेश गर्नुपर्नेछ।

८. **प्रस्ताव मूल्याङ्कन र सिफारिस:** (१) प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुको स्थलगत प्रमाणीकरण गर्नको लागि कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई कर्मचारी खटाउन सक्नेछ।

(२) कार्यदलले स्थलगत प्रमाणीकरण गरी कार्यालयमा अनुसूची-५ वमोजिम प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकताक्रम तयार गरी दफा १२ बमोजिमको कार्यक्रम व्यवस्थापन समिति समक्ष स्वीकृतिका लागि सिफारिस गर्नुपर्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिबाट स्वीकृति भएका आयोजनाहरू प्राथमिकताका आधारमा बैकल्पिक आयोजनाहरू समेत सूचीमा समावेश गर्नु पर्नेछ।

९. **सम्झौता प्रक्रिया:** (१) छनौट भएका अनुदानग्राहीलाई कम्तीमा ७ दिनको म्याद दिइ सम्झौताको लागि सूचना दिनुपर्नेछ ।

(२) प्रस्तावकले पेश गरेको क्रियाकलाप र कार्ययोजना कार्यालयले वार्ताका माध्यामबाट आवश्यक संशोधन सहित अनुसूची-६ वमोजिम ढाँचामा सम्झौता गरी अनुसूची-७ बमोजिमको स्व-घोषणा पत्रमा हस्ताक्षर गराएर सम्बन्धित अनुदानग्राहीलाई कार्यादेश दिनुपर्नेछ।

(३) छनौट भएका अनुदानग्राही तोकिएको म्याद भित्र सम्झौताको लागि नआएमा कार्यालयले बैकल्पिक अनुदानग्राहीसंग सम्झौता गर्न सक्नेछ ।

(४) उक्त वैकल्पिक सूचीबाट समेत कार्यक्रम सञ्चालन गर्न संभव नभएमा निर्देशनालयको स्वीकृतिमा पुनः सूचना गर्न सकिनेछ ।

सचिव

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

१०. **निर्देशक समिति:** (१) कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ,-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | कानुन, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | सदस्य |
| (ग) | सचिव | मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख | कृषि विकास निर्देशनालय | सदस्य |
| (ङ) | प्रमुख | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (च) | मन्त्रालयका सबै महाशाखा प्रमुखहरु | | सदस्य |
| (छ) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(२) समितिको बैठक आवश्कता अनुसार बस्नेछ र कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

११. **निर्देशक समितिको काम, कर्तब्य र अधिकार:** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नीतिगत समस्या सामधान गर्ने,

ख) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने,

ग) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने।

१२. **कार्यक्रम व्यवस्थापन समिति:** (१) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागी देहाय बमोजिमको मन्त्रालय स्तरमा सञ्चालन हुने कार्यक्रमको हकमा व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना महाशाखा/शाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) | प्रमुख/प्रतिनिधि | प्रदेश कोष तथा लेखा हेर्ने कार्यालय | सदस्य |
| (ङ) | अधिकृत | कानून अधिकृत | सदस्य |
| (च) | प्रमुख | विषयगत महाशाखा | सदस्य सचिव |

(२) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागी निर्देशनालय मार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | विषयगत निर्देशनालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना शाखा | सदस्य |
| (ग) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |



सचिव

(घ) प्रमुख/प्रतिनिधि प्रदेश कोष तथा लेखा हेर्ने कार्यालय सदस्य

(ङ) प्रमुख विषयगत शाखा सदस्य सचिव

(३) जिल्लास्थित कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

(क) कार्यक्रम सञ्चालन गर्ने निकायको प्रमुख -संयोजक

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ग) अधिकृतस्तर प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय -सदस्य

(घ) अधिकृतस्तर प्रतिनिधि, विषयगत जिल्ला स्थित संघीय कार्यालय -सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख -सदस्य-सचिव

(४) उपदफा (१), (२) र (३) बमोजिमको समितिको बैठक आवश्यकतानुसार बस्नेछ र समितिले आवश्यक ठानेमा बैठकमा बढीमा दुईजनासम्म विषय विज्ञ वा विशिष्ठ व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

१३. <u>कार्यक्रम व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार:</u> (१) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) कार्यक्रम मूल्यांकनका आधार परिमार्जन गर्न आवश्यक देखिएमा विस्तृतीकरण गरी अनुमोदन गर्ने,

ख) मूल्याङ्कन भई सिफारिस भएका कार्यक्रम प्रस्तावहरु स्वीकृत गर्ने,

ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने,

घ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने,

ङ) प्रस्ताव र मूल्याङ्कनका सूचक/आधारहरुको ढाँचामा संशोधन गर्नुपरेमा निर्देशनालयबाट स्वीकृति लिई गर्न सक्ने।

## परिच्छेद-५

## <u>अनुदानित कार्यक्रमको भुक्तानी प्रकृया तथा लेखा परीक्षण</u>

१४. <u>अनुदान रकमको भुक्तानी प्रक्रिया:</u> १) कार्यालयले अनुदान रकमबाट कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ तथा नियमावली, २०७७ अनुसार हुनेछ ।

(२) संस्थागत रुपमा दर्ता भइ काम गर्ने कृषक समूह, सहकारी वा फर्म वा कम्पनीहरुको हकमा संस्थाको आर्थिक कार्यविधि वा विनियम र कार्यालयको निर्देशन अनुसार खरिद सम्बन्धी कार्य सञ्चालन गर्न सक्नेछन्।

(३) व्यक्तिगत रुपमा अनुदान प्राप्त गर्ने कृषक वा उद्यमी वा समूह, सहकारीका

सदस्यहरुबाट सञ्चालन हुने कार्यक्रमको हकमा सम्झौतामा उल्लेख भएको कार्ययोजना अनुसार स्विकृत बजेट सिमाभित्र रही अनुदानग्राहीले खरिद गरेको बिल भर्पाइको आधारमा भुक्तानी गर्नु पर्नेछ ।

(४) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार कार्यालयबाट अनुदान प्राप्त गर्ने कृयाकलापहरुको सक्कल बिल भरपाई र साझेदारीमा सम्पन्न गर्ने कृयाकलापको बिल भरपाईको प्रतिलिपी संलग्न राखी भुक्तानी माग गर्न सक्नेछन।

(५) पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजिगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी काट्टी गरी भुक्तानी गर्नु पर्नेछ।

(६) भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा सेवाग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

(७) उपदफा (६) मा जे सुकै लेखिएको भएपनि दुई (२) किस्तामा अनुदान प्रदान गर्दा कार्यक्रमको उद्देश्य हासिल हुने सुनिश्चितता नहुने ठानेमा सो भन्दा कम किस्तामा समेत अनुदान रकम निकासा वा भुक्तानी गर्न सकिनेछ ।

(८) कम्तिमा ५० प्रतिशत कार्य सम्पन्न भएपछि मात्र पहिलो किस्ता भुक्तानी गर्न सकिनेछ।

(९) अन्तिम किस्ताको रकम भुक्तानी वा निकासा गर्दा सो अगाडिका किस्ताको कामको वित्तीय तथा भौतिक प्रगति, सम्बन्धित प्राविधिकको निरीक्षण सहितको पुष्टयाई प्रतिवेदन प्राप्त भए पछि निकासा वा भुक्तानी गर्नु पर्नेछ।

(१०) अन्तिम किस्ताको रकम निकासा गर्दा अन्तिम किस्ता भन्दा अगाडिका किस्तामा भएको कामको वित्तीय तथा भौतिक प्रगति, अन्तिम किस्तामा भएको कामको प्रगति, सम्बन्धित प्राविधिकको निरिक्षण सहितको पुष्ट्याइंको प्रतिवेदन, पाँच लाख भन्दा बढि अनुदानको हकमा सामाजिक लेखा परीक्षण प्रतिवेदन अनिवार्य हुने, कार्यसम्पन्न एवं कार्यस्वीकृत प्रतिवेदन हेरी जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरु समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी निकासा तथा भुक्तानी गर्नुपर्नेछ ।

(११) अनुदान रकमको अन्तिम किस्ता भुक्तानी गर्दा सम्बन्धित स्थानीय तह र जिल्ला स्थित कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

१५. <u>अनुदानित कार्यक्रमको लेखा तथा लेखापरीक्षण:</u> अनुदानित कार्यक्रमको लेखा राख्ने तथा लेखापरीक्षण गर्दा प्रचलित कानूनको पूर्ण पालना गर्नुपर्नेछ।

## परिच्छेद-६
## विविध

१६. <u>अनुगमन तथा मूल्याङ्कन</u>: (१) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रूपमा भए नभएको सम्बन्धमा सम्बन्धित निकायले कम्तिमा चौमासिक रूपमा अनुगमन गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति चौमासिक तथा वार्षिक रुपमा सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

१७. <u>जवाफदेहीता तथा जिम्मेवारी</u>: (१) अनुदान रकम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पुर्ण सदुपयोग एवम् उपलब्धी लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। आवश्यक ठानेमा कार्यालयले आचारसंहिता बनाई लागु गराउनेछ।

१८. <u>समन्वय र सहकार्य</u>: कार्यालय वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्भव भएसम्म नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा गर्नुपर्नेछ ।

१९. <u>सूचना सम्प्रेषण:</u> लक्षित वर्ग समूहको पहुँचमा सूचना प्रवाह हुनेगरी सम्भव भएसम्म एकै पटक श्रावण महिनामा सबै किसिमका मिडिया प्रयोग गरी कार्यालयले सूचना प्रवाह गर्नुपर्नेछ ।

२०. <u>पुरस्कार, सम्मान तथा असुली</u>: (१) अनुदान रकम शर्त अनुरुपका क्षेत्रमा प्रयोग गर्ने, कम लागतमा गुणस्तरीय कार्य सम्पादन गर्ने, नियमित प्रतिवेदन गर्ने, समय अगावै कार्य सम्पादन गर्ने निकायका उत्कृष्ट जिम्मेवार प्रमुखलाई समितिको सिफारिसको आधारमा कार्यालयले सम्मान गर्न सक्नेछ।

(२) अनुदान रकमको दुरूपयोग गर्ने, तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदानग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) उपदफा (२) बमोजिमका अनुदानग्राहीहरूको जिम्मेवार प्रमुखको नाम नामेसी विवरण समेत कार्यालयले सार्वजनिक गरिनेछ।

(४) अनुदानग्राहीले दोहोरो अनुदान नलिएको भनी अनुसूची-७ बमोजिम स्व-घोषणा गर्नुपर्नेछ ।यदि दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२१. **सार्वजनिक सेवा सुविधा वञ्चित गर्न सकिने**: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकम दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा कार्यालयले प्रचलित कानूनले तोकेको सार्वजनिक सेवा प्रदान गर्ने निकाय समक्ष सार्वजनिक सेवा सुविधाबाट वञ्चित गर्न लेखि पठाउन सकिनेछ।

२२. <u>प्राविधिक जाँचपास गर्नुपर्ने:</u> प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले तोकेको परियोजना तथा कार्यक्रमको लागत अनुमान, लेआउट, डिजाइन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

२३. <u>हिसाब फरफारक गर्नुपर्ने:</u> कार्यक्रम सञ्चालन गर्ने निकायले प्रत्येक आर्थिक वर्षको अन्त्यमा अनुदानमा सञ्चालन हुने कार्यक्रमको हरहिसाब फरफारक गर्नुपर्नेछ ।

२४. <u>बाधा अड्काउ फुकाउ:</u> यस विधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

२५. खारेजी र बचाउ: (१) किसान कल सेन्टर सञ्चालन विधि,२०७७ खारेज गरिएको छ।

(२) किसान कल सेन्टर सञ्चालन विधि,२०७७ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

सचिव

अनुसूची- १

(दफा ६ सँग सम्बन्धित)

**सूचनाको ढाँचा**

प्रथम पटक सूचना प्रकाशन मिति.......

चालू आ.व. ........मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार .....................कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक ................संस्थाले सूचना प्रकाशित भएको मितिले ....... दिन भित्र (मिति.................गते भित्र) यस कार्यालय तथा मातहतका कार्यालयमा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेवसाईट ......................... बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र. स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदक को किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

<u>संलग्न गर्नु पर्ने कागजातहरू:</u>

१. प्रस्तावकको निवेदन ।
२. दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी) ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको को प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र) ।

११. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी।

**नोट:** कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ ।

लक्षित वर्ग विशेष कार्य

सचिव

मन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश

प्रदेश सरकार
लुम्बिनी प्रदेश

मन्त्री

अनुसूची-२

(दफा ७ सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः ........................

श्री प्रमुख ज्यू,

.................................. (कार्यालयको नाम),

..............................., लुम्बिनी प्रदेश।

विषयः ....................................... कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति........................................ मा प्रकाशित गरिएको सूचना अनुसार ............................................................ कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छु/छौं।

**संलग्न कागजातहरु:**

१. प्रस्तावकको निवेदन
२. दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी)
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर तथा गत आर्थिक वर्षवर्षको कर चुक्ता प्रमाण-पत्रको को प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार)
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र)
११. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी

माथि उल्लेखित विवरण तथा कागतपत्रहरु सत्य छन्। विगत तिन वर्ष देखि प्रतिफलमा आधारित प्रोत्साहन, क्रमागत बाहेक यसै प्रकतिको कामका लागी अनुदान लिएको छैन ।



सचिव

नोटः सार्वजनिक नीजि साझेदारीमा शहिद, द्वन्द्व पीडित, पूर्व जन्मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्बासी समुदायका लागि कृषि उत्पादनमूलक रोजगार कार्यक्रमका हकमा निवेदन, नागरिकताको प्रतिलिपि, लक्षितवर्ग प्रमाणित हुने कागजात बाहेक माथि उल्लिखित कागजातहरू अनिवार्य नहुने।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

सचिव

अनुसूची-३

(दफा ७ सँग सम्बन्धित)

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा (कृषि तर्फ)

कार्यक्रमको नामः

जिल्लाः गा.पा./न.पा./उप/महा.न.पा.:

वडा नं.: टोलः गाउँः

फर्मको नामः

सञ्चालकको नामः सम्पर्क नं (अनिवार्य)

१. व्यवसायको परिचयः तपाईंले के कस्तो काम गर्न खोज्नु भएको हो किन कसरी र कहिले गर्न खोज्नु भएको हो भन्ने कुरा लेख्नुहोस्

गर्न खोजेको कामः

किन गर्नेः

कसरी गर्नेः

कहिले गर्नेः

२. उद्देश्यहरु : मूख्यतया कुन कुन कामका लागि अनुदान लिन चाहनु भएको हो?

क उत्पादन गर्ने

ख प्रशोधन गर्ने

ग बजारिकरण गर्ने

घ अन्य ....................

३. कृषि व्यवसायमा अनुभव : अनुदान लिन चाहनु भएको विषयमा तपाई संग कति वर्ष काम गरेको अनुभव छ ? ........................वर्ष

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण : तपाईंले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँ कहाँ हो हावापानी कस्तो छ सडकबाट कति टाढा छ

व्यवसाय सञ्चालन गर्ने स्थानः

उक्त स्थानमा हाल लगाईएका प्रमुख बालीहरुः

सडक पहुँचको अवस्थाः भएको.. ...... नभएकोः......

५. व्यवसाय सञ्चालनका लागि आवश्यक रहेका पूर्वाधारहरु : तपाईंले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँमा निम्न सुबिधाहरु छन् कि छैनन् छन् भने कस्ता छन्

सिंचाइ छ..... छैन..... छ भने कुलो..../ पोखरी..../बोरिङ्ग...../अन्य............ आदि

कति महिना सिंचाई हुन्छ? वर्ष भरी ....../ ......... महिना मात्र

सडक सडक पहुँचको अवस्थाः ...... कच्ची सडकः ....... पक्की सडकः

कच्ची भएमाः बर्षै भरी सवारी चल्ने..... हिंउदमा मात्र सवारी चल्ने ......



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल

मन्त्री

भण्डारण सुविधा छ ...... ...... छैन...... ......

विद्युत सुविधा छ ...... ...... छैन...... ......

यन्त्र/उपकरण: के कस्ता यन्त्र उपकरणहरुको प्रयोग गर्ने गरिएको छ?

क.

ख.

ग.

घ.

अन्य पूर्वाधार संरचनाहरु (उल्लेख गर्ने)

क.

ख.

ग.

६. तालिम सम्बन्धी विवरण : तपाईले अनुदान माग गर्नुभएको विषयमा तालिम लिनु भएको छ कि छैन छ भने कुन विषयमा कति दिनको र कहिले कसले दिएको हो?

| क्र सं | तालिमको विषय | अवधि | | तालिम दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | देखी | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्ययोजना विवरण:

| क्र.सं. | क्रियाकलापहरु | परिमाण | दर | कूल लागत रु | माग गरेको अनुदान रकम रु | प्रस्तावकको साझेदारी रकम रु | संपन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. उत्पादन सामग्री तथा उत्पादित बाली/ वस्तुको बजार योजना:



सचिव

मन्त्री

| उत्पादन सामग्री को किसिम | खरीद गरिने स्थान | उत्पादन हुने बाली/बस्तु को नाम | बिक्री गर्ने स्थान | अनुमानित उत्पादन परिमाण | अनुमानित बिक्रि मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| बीउ | | | | | | |
| बिरुवा | | | | | | |
| मल | | | | | | |
| विषादी | | | | | | |
| औजार उपकरण | | | | | | |
| अन्य | | | | | | |

९. प्रस्तावित व्यवसायमा संलग्न हुने कृषकहरुको विवरण (समूह/सहकारी/उपभोक्ता समितिको हकमा)

| क.स. | नामथर | ठेगाना | खेती गरिने बाली/बस्तु | क्षेत्रफल (कठ्ठा/रोपनी) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१०. उत्पादित कृषि उपजको विक्रि योजना भएको..... ..... .....,नभएको ..... ..... .....

कृषि उपज विक्री सम्बन्धी सम्झौताः भएको..... .....नभएको ..... ..... .

(बिक्रि सम्झौता भएको प्रतिलिपी राख्ने)

११. सञ्चालन हुने कार्यक्रमबाट वातावरणमा नकारात्मक प्रभाव पर्छ ..... ...../पर्दैन..... .....

पर्ने भए प्रभाव न्यूनिकरणका लागि के गर्नु हुन्छ?

क.

ख.

ग.

१२.संचालित कार्यक्रम वाट थप रोजगारी श्रृजनाः

- स्वरोजगार कतिजना?(आफ्नो घरको मात्र)

सचिव

मन्त्री

- स्थायी रोजगारी कतिजना? (आफ्नो घर परिवार बाहेक)
- अस्थायी रोजगारी कतिजना? (आफ्नो घर परिवार बाहेक)

आवेदकको तर्फबाट सही गर्नेको नाम:

दस्तखत:

पद: सम्पर्क नः

मितिः

**द्रष्टव्यः** कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले कार्ययोजनाको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल

मन्त्री

# अनुसूची -४

(दफा ७ संग सम्वन्धित)

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना (पशुपन्छी तर्फ)

कार्यक्रमको नामः

जिल्लाः

गा.पा./न.पा./उ.न.पा.:

वडा नं.: टोलः गाउँः

आवेदकको नामः

सञ्चालक/अध्यक्षको नामः सम्पर्क नं :

१. व्यावसायको परिचयः

२. उद्देश्यहरु :

३. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

५. व्यवसाय सम्भाव्यताका आधारहरू (उत्पादन, प्रशोधन, प्रवर्द्धन र बजारिकरणका सम्भागहरू बारे विस्तृत विवरण)

क. ......................

ख. ......................

ग. ......................

घ. ......................

६. पशुपन्छी पालन व्यवसायमा अनुभवः

७. तालिम सम्बन्धी विवरण :

८.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क.सं. | सञ्चालन गरिने क्रियाकलापहरू | अनुदान रु. | संस्थागत लगानी रु. | अन्य निकायको अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

९. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

१०. उत्पादित वस्तुको बजार योजनाः

११. व्यवसाय दिगो हुन्छ भन्ने आधारहरुः

कार्ययोजना पेश गर्नेः

नामः ......................

दस्तखतः ......................

पदः ......................

मितिः ......................

संस्थाको छापः

२९

सचिव

क. ......................

ख. ......................

ग. ......................

घ. ......................

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मन्त्री

## अनुसूची-५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधारहरु**

**क) प्रस्ताव मूल्याङ्कनका आधारहरु (प्रारम्भिक मुल्यांकन)**

•सुचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा कार्यालयले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागि छनौट गर्नुपर्ने ।

**ख) प्रस्ताव मूल्याङ्कनका आधारहरु (स्थलगत निरक्षण मुल्यांकन)**

जिल्लाः

आवेदक संस्थाको नामः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

**मूल्याङ्कनका आधारहरुः** यस कार्यविधिको दफा १३ को उपदफा बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिले कार्यक्रमको उद्धेश्य अनुसार विस्तृतीकरण गर्नुका साथै सो अनुसार अङ्क विभाजन गरी मूल्याङ्कन गर्न सक्नेछ।

| क्र.सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधार र संभावनाको अवस्था | २० | | |
| २. | व्यवसाय ब्यवस्थापनको अवस्था र संभावनाको अवस्था | १० | | |
| ३ | प्राविधिक रूपमा उपयुक्त स्थान वा अवस्थिति | १० | | |
| ४ | रोजगारीको सृजनाको अवस्था | ५ | | |
| ४.१ | कम्तीमा ३ जना सम्म | ३ | | |
| ४.२ | ३ जना भन्दा माथि | ५ | | |
| ५ | वातावरणीय/सामाजिक प्रभाव | ५ | | |
| ६ | उत्पादित वस्तुको बजार योजना | ५ | | |
| ६.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको) | ५ | | |
| ६.२ | उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने | ३ | | |
| ६.३ | बजारीकरणको लागि आफ्नै आउटलेट नभएको, सम्झौता पनि नभएको, अनौपचारिक बजारिकरण भएको | २ | | |
| ७ | व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व बृद्धि हुन सक्ने सम्भावना | १५ | | |



सचिव

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| ८. | कार्ययोजना अवस्था | ५ | | |
| ९ | सम्बन्धित विषयमा अध्ययन गरेको वा सम्वन्धित विषयमा बैदेशिक रोजगारीको अनुभव (कम्तीमा १ वर्ष) | ५ | | |
| १० | जग्गाको स्वामित्व | १० | | |
| ११ | समावेशीता | ५ | | |
| १२ | अन्य बस्तुगत अवस्था | ५ | | |
| | जम्मा | १०० | | |

द्रष्टव्य: मुल्याङ्कन मापदण्डको कूल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनौट गर्न सकिनेछ।

सम्बन्धित कार्यालयले मुल्याङ्कनको मापदण्ड आवस्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरु:

क) ............................... ख................ ............ग................................

७. स्थलगत अनुगमन टोलीको राय:

| क्र.सं. | पद | राय दिनेको नाम, थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

मन्त्री

अनुसूची

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

**सम्झौता-पत्र**

आर्थिक वर्ष .../... ... मा सञ्चालन हुने ...................... कार्यक्रमको लागि तथा कृषि ज्ञान केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ... ... ... (यस पछी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समूह/समिति/सहकारी ... ... ... ... ... (यस पछी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तनामाहरुः

१. प्रथम पक्षले लागत साझेदारमा ............ कार्यक्रमको लागि कूल लागतरु. ... ... ... मध्ये अनुदान वापत रु. ... ... ... ... ... दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ।

२. दोश्रोपक्षले बाँकी रकमको व्यवस्था गरी ........ जिल्ला,.........गाँउपालिका/नगरपालिका वडा नं ......., मा ...... साल..... महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईइष्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन,अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जगगाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. दोश्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ।

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तीमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथमपक्षलाई उपलब्ध गराउनु पर्नेछ ।



सचिव

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताबिकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, ईइष्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्मन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन। सम्झौतामा उल्लेखित बाहेक परियोजना सञ्चालनको स्थान, डिजाइन परिवर्तन गर्न पाइने छैन र परिवर्तन गर्नु परेमा कार्यालयसंग पूर्व सहमति लिई कार्य गर्नु पर्नेछ।

१४. अनुदान कार्यक्रमबाट खरीद गरिएका औजार/मेसिनरीहरु/संरचनाहरु सहुलियत दरमा परिचालन गर्नुपर्नेछ।

१५. प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन।

(क) प्रथम पक्षले व्यहोर्ने लागत रु. ............... दोश्रो पक्षले व्यहोर्ने लागत रु. ...........

(ख) अन्य श्रोतबाट प्राप्त लागत रु. ...........कन्टेन्जेन्सी रकम रु. ................(यो रकम नियमानुसार खर्च गर्न सकिनेछ)।

(ग) प्रस्तावनाको कुल लागत रु. .............

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप | संस्थाको छापः |

इतिसम्वत् ...... ... ...... साल ...... ... महिना ...... गते रोज ...... शुभम्।

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप/घट गर्न सकिनेछ।



सचिव

मन्त्री

अनुसूची-७

(दफा ९ को उपदफा (२) र २० को उपदफा (३) सँग सम्बन्धित)

**दोहोरो अनुदान नलिएको स्वःघोषणा**

श्री प्रमुखज्यू

.............................................

..............................................।

....................................................को आर्थिक वर्ष २०७.../२०७.... स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार/प्रदेश सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट प्रदान गरिने रकम/सामग्री/उपकरण/अन्य वस्तु लिन इच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट प्रदान गरिएको रकम/सामग्री/उपकरण/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु। यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पत्तिबाट नियमानुसार ब्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

हस्ताक्षरः

नामथरः ...............................

ठेगानाः ...............................

सम्पर्क नं. ...........................

ईमेलः .................................

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
मुकाम: बुटवल, नेपाल

मन्त्री

अनुसूची ८

दफा ५ को (ञ) संग सम्बन्धित

## Technical Specification

3 Wheeler Electrical EV:

**Office: Ministry of Agriculture, food technology and land management,lumbini providence, Mukam Butwal.**

| S.N. | Criteria | Office Requirement | Offered Specification |
|---|---|---|---|
| 1 | General | With DC starting system, Direct drive Electric Ricksaw of sturdy design, suitable for Cargo Transportation purpose with storng Cabin, At least two passenger with driver. Working in Plain and hill area of Nepal. Curb Weight shall not be less than 220 kg. | Make:<br>Model:<br>Country of Origin: |
| 2 | Cargo Box | Built in Strong Material structure. Pay load not less than 350 kg. | |
| 3 | Battery | Min 48 V | |
| 4 | Motor | Min. 48V,1800Watt, DC | |
| 5 | Gradeability – degree | 7 | |
| 6 | Frame/Chassis | Double main beam structure. | |
| 7 | Ground Clearance - mm | Min. 140 mm. | |
| 8 | Instuction | All sings and instructions in the equipment shall be in English. | |
| 9 | Suspension | Front Hydaulic shock absorber with spring and leaf spring in rear. | |
| 10 | Essential Accessories | 1. Head light, rear and turn signal lights<br>2. Two rear view mirrors<br>4. Ignition sweeitch.<br>5. Wiper<br>To be equipped with all accessories offered in standard model but not limited to the above items. | |
| 11 | Manuals | One copy of the Owner's Instructions and maintenance manual in English shall be supplied with | |



सचिव

| | | | |
|---|---|---|---|
| | | equipment. | |
| 12 | Tools/Spare parts | As per company provides. | |
| 13 | Power Performance | 1.The Electricl 3 wheeler EV offered shall be a current model under standard by the manufacture for at least 6 month.<br>2.The bidder shall provide the manufacturer's data of the performance of the unit. | |
| 14 | Warranty | Manufacture shall provide a minimum 6 month warranty after Acceptance. | |
| 15 | Color | Standard Color | |
| 14 | Tyre Size: | Standard Size. | |
| 16 | Steering: | Handle Bar | |
| 17 | Delivery | The Electricl 3 wheeler EV shall be delivered to:- Ministry of Agriculture, food technology and land management,lumbini providence, Mukam Butwal. Nepal . . | |

Note:
The major items are indicated by bold and highlighted letters/alphabets/figures in the technical specifications.Non-complianceofthese
major items will result in non-responsiveness of the bid offered.
Bidder's Signature...................................... Date...............................

सचिव

मन्त्री